नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

## प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार तथा सहयोगका लागि आवेदन वा सिफारिस पेस गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः-** २०७८।०३।१७

मुलुकमा शान्ति, सुशासन, नवप्रवर्तन, वैज्ञानिक खोज, अन्वेषण, अनुसन्धान वा विकासको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने युवा, बालबालिका तथा अन्य व्यक्तिलाई यही २०७८ साल असोज १ गते सम्माननीय प्रधानमन्त्रीज्यूबाट पाँच/पाँच लाख रुपैंया राशीको प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार तथा सहयोग प्रदान गर्ने प्रयोजनका लागि नामावली सङ्कलनको प्रक्रिया सुरु गरिएको छ ।अतः प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार वितरण मापदण्ड, २०७८ बमोजिम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र देहाय अनुसार आवेदन आह्वान गरिएको छः-

क) मापदण्डको अनुसूची–३ बमोजिम https://forms.gle/FoAMsHeM7P9ZptUV7 लिङ्क मा गई अनलाईन व्यक्तिगत आवेदन गर्न सकिने।

ख) मापदण्डको अनुसूची-४ बमोजिम नेपाल सरकार मातहतका निकाय, प्रदेश वा स्थानीय तह, विश्वविद्यालय, शिक्षण संस्था वा सार्वजनिक संस्थानले https://forms.gle/1vtG2vtBkAAJmrTm6 लिङ्कमा गई संस्थागत सिफारिश गर्न सकिने।

ग) अनलाईन आवेदन गर्न कठिनाई भएमा आवेदन फाराम स्क्यान गरी pmtalentaward@opmcm.gov.np ईमेल ठेगानामा पठाउन सकिने।

साथै, आवेदन फाराम, प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार कोष स्थापना र सञ्चालनसम्बन्धी कार्यविधि,२०७८ र प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार वितरण मापदण्ड, २०७८ यस कार्यालयको वेबसाइट www.opmcm.gov.np बाट डाउनलोड गर्न सकिने व्यहोरा सम्बान्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । अन्य जिज्ञासाका लागि देहायको ठेगानामा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ ।

### आवेदन पेश गर्ने र सम्पर्क ठेगाना

**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**
**शिक्षा, स्वास्थ्य, युवा तथा खेलकुद शाखा**
**सिंहदरबार, काठमाडौं**
**थप जानकारी तथा सम्पर्कका लागि**
फोनः- ०१५९७११२८
उपसचिव, भवनाथ खतिवडा र शाखा अधिकृत अश्विन कुमार पोखरेल
प्राविधिक सहयोगका लागि क. ईन्जिनियर श्री केदार मणि भण्डारी मोवाइल नं (९८४१००३५३१)